# दोस्रो अध्याय

## २. परिवार एवम् पारिवारिक जीवन

### २.१ परिवारको अर्थ र परिभाषा

परिवारमा हरेक सदस्यको आआफ्नै स्थान र भूमिका हुन्छ। यसैअनुसार पारिवारिक कार्य हुने गर्दछन्। परिवारलाई परिभाषित गर्ने सम्बन्धमा कति सदस्य रहनु पर्दछ?, यसबाट के कस्ता सामाजिक कार्य हुन सक्छ?, परिवारको विश्लेषणमा कुनै समाज र संस्कृतिको आआफ्नै मान्यता रहन्छन् कि?, परिवारको कत्रो आकार हुन सक्तछन्? आदि कुरालाई आधार बनाएर हेर्दा यसका विशेषतामा पनि विभिन्नता देख्न सकिन्छ।

'परिवार' शब्दको व्याख्या तथा चर्चा गर्ने प्रयास सम्भवतः सबै समाजशास्त्री, मानवशास्त्री, विद्वान् एवम् शोधकर्ताहरू तथा अङ्ग्रेजी, हिन्दी, नेपाली आदि भाषाका कोशहरूले पनि विभिन्न रूपमा अर्थ्याएको छ। यही परिभाषामध्ये केहीलाई यहाँ उल्लेख गरिन्छ -

'अक्सफोर्ड रेफरेन्स डिक्सनेरी'-मा परिवार त्यस्तो समूह हो, जहाँ पति-पत्नी, छोरा-छोरी तथा रक्तसम्बन्धित व्यक्तिहरू हुन्छन् भनेर अर्थ्याएको छ।[१] यसरी नै 'अङ्ग्रेजी-अङ्ग्रेजी-नेपाली शब्दकोश'-मा पति-पत्नी र नानीहरू एकै ठाउँमा बस्नेलाई परिवार भनिएको छ।[२] भोलानाथ तिवारीले 'हिन्दी पर्यायवाची कोश'-मा कुटुम्ब, कुल,

---

१ अक्सफोर्ड रेफरेन्स डिक्सनेरी (सन् २००१), अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्यु यर्क, पृ २९४

२ के एल कर्माचार्य र पि आर विद्या (सम्पा), सन् २००३, अङ्ग्रेजी-अङ्ग्रेजी-नेपाली शब्दकोश, अजन्ता प्रकाशन, दिल्ली, पृ ४०५

घर, घराना, वंश, आत्मीयजन आदि शब्दद्वारा परिवारलाई अर्थ्याएको छ। यस्तै प्रकारले बाबुलाल प्रधानले पनि 'नेपाली-अङ्ग्रेजी-नेपाली डिक्सनेरी'-मा जहान, नाताकुटुम्ब, नातेदार, व्यक्तिहरूको समूहलाई परिवार मानेको छ। सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित 'नेपाली संक्षिप्त शब्दकोश'-मा "एउटै भान्सामा खाने घरका मानिसहरू; जहान, नातेदारहरू, नाताकुटुम्ब, सजातीय व्यक्तिहरूको समूह" भनी परिवार शब्दलाई अर्थ्याएको छ। यसरी नै 'नेपाली बृहत् शब्दकोश'-मा 'रगत, वीर्य, नाता, घर, अनुकूलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसको समूह तथा नातादार र कुटुम्ब आदिको समूह'[३] भनी अर्थ्याएको छ।

यसरी नै परिवार शब्दलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले पनि आआफ्नो मत अघि सारेका छन्। यसै क्रममा म्याकाइवर र पेजले यसो भनेका छन् – 'परिवार सन्तानोत्पत्ति एवम् पालन पोषणको व्यवस्था गर्ने उद्देश्यले पर्याप्त रूपमा निश्चित र स्थायी यौन सम्बन्धद्वारा परिभाषित एउटा समूह हो।'[४] मेरिल, एलियट, निम्कफ आदिले परिवारबारे परिभाषा दिने क्रममा एकै प्रकारको मत प्रकट गरेको बुझिन्छ। उनीहरूका आधारमा परिवार भन्नाले पति-पत्नी एक्लै वा नानीसँगै रहेको धेरै वा थोरै सङ्ख्या भएको स्थायी समूह बुझिन्छ। यसरी नै बर्गेस र लकले 'परिवार विवाह, रक्तसम्बन्ध, धर्मपुत्र वा धर्मपुत्री पाल्ने प्रथाद्वारा सम्बन्धित व्यक्तिहरूको यस्तो समूह हो, जसले गृहस्थी निर्माण गर्दै आपसी अन्तर्क्रिया र अन्तर्सन्देश विनिमय

३ वासुदेव त्रिपाठी र अन्य (सम्पा), वि सं २०६७, नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं, पृ ७४५

४ एर एम म्याकइवर र चार्लिस एच पेज (सन् २०११), सोसाइटी, सूरजित पब्लिकेसन, दिल्ली, पृ २३८

गरी पति-पत्नी, आमा-बाबु, छोरा-छोरी र भाइ-बहिनीका रूपमा एउटा सामान्य संस्कृति निर्माण गरी त्यसको रक्षा गर्दछ।[५]

माथि उल्लिखित परिभाषाअनुसार परिवारका मुख्य आधारहरू निम्न देखिन्छन् –

- नारी-पुरुषको वैवाहिक सम्बन्ध,
- पति-पत्नी र छोरा-छोरी,
- साझा निवास, एउटै भान्सामा खाने, एउटै जगाजमिन, एउटै धर्म वा संस्कृतिमा विश्वास राख्ने,
- एकाअर्कासँग वैवाहिक सम्बन्ध, रक्तसम्बन्ध तथा धर्मपुत्री वा धर्मपुत्र पाल्ने प्रथाद्वारा सम्बद्ध व्यक्तिहरूको समूह,
- समाजको मौलिक एवम् आधारभूत एकाइ आदि।

सामान्यतः परिवारले व्यक्तिका आधारभूत आवश्यकताहरू जस्तै गाँस बास र कपास, वंशरक्षा, यौनसम्बन्ध, सन्तानोत्पत्ति आदिको पूर्तिका साथै समाजमा मानवीय सम्बन्धहरूलाई स्थायित्त्व प्रदान गर्दछ। यो सामाजिक संरचनाको सबैभन्दा सानो एकाइ हो जहाँ व्यक्तिका विभिन्न किसिमका आवश्यकताहरूको पूर्ति हुन्छ। परिवार पति-पत्नी उनीहरूका छोरा-छोरी साथै नजिकका सम्बन्धीहरूको अपेक्षाकृत स्थायी संस्था हो जसलाई विवाह, सन्तानोत्पत्ति, वंश नामका आधारमा व्यवस्थित राखिन्छ। अतः सामाजिक एवम् व्यक्तिगत दुवै दृष्टिकोण अनुसार परिवार समाजको एउटा मौलिक र आधारभूत एकाइ हो। सामाजिक संरचनामा परिवार नै त्यो केन्द्रीय एकाइ

---

५ विद्याभूषण र डी आर सचदेवा (सन् २००२), एन इन्ट्रोडक्सन टु सोसियलजी, किताप महल, अलाहाबाद, पृ २८६

हो जसबाट समाजको निर्माण हुन्छ र यसको निरन्तरतालाई अक्षुण्ण बनाइराखेको हुन्छ।

## २.२ परिवारको प्रकृति

परिवारको प्रकृतिलाई हेर्दा परिवार स्थायी र अस्थायी दुवै हुन्छ। यसैले परिवार समिति र संस्था दुवै हो। समितिको रूपमा परिवार पति-पत्नी, छोरा-छोरी र अन्य व्यक्तिहरूको समूह हो। यस्तो रूपमा परिवार एउटा अस्थायी समिति हो किनभने परिवारका सदस्यहरूको मृत्यु, नयाँ सन्तानको जन्म तथा विवाह विच्छेद आदिका कारण परिवारको आकारमा परिवर्तन आउँदछ। व्यवस्थित र नियन्त्रित रूपका आधारमा हेर्दा परिवार व्यक्तिको समस्त आवश्यकता पूरा गर्ने एउटा संस्था हो । यसैले परिवारलाई एउटा संस्थाको रूपमा हेर्दा यो स्थायी संस्था देखिन्छ। परिवारमा पति पत्नीमाझको सम्बन्ध-विच्छेद भएन भने तथा यसका सदस्यहरूको मृत्यु भएन भने यो स्थायी रूपमा रहन्छ। यदि परिवारलाई नियम र कार्यप्रणालीहरूको व्यवस्थाका रूपमा हेर्ने हो भने यो एउटा संस्थाका रूपमा स्थायी देखिन्छ। यसप्रकार समाजमा परिवारको प्रकृति स्थायी र अस्थायी दुवै रूपमा रहेको पाइन्छ।

अतः परिवार सम्पूर्ण सामाजिक संरचनामा सबैभन्दा महत्त्वपूर्ण एकाइ हो। परिवार भनेको सन्तानोत्पत्ति एवम् पालन पोषणको व्यवस्था गर्ने उद्‌देश्यले पर्याप्त रूपमा निश्चित र स्थायी यौनसम्बन्धद्वारा परिभाषित एउटा समूह हो। परिवार व्यक्तिको सामाजिक जीवनको मात्र मूलाधार नभएर सम्पूर्ण मानवीय जीवनकै मूलाधार हो।

## २.३ परिवारका प्रकार्य

परिवारका प्रकार्यबारे विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले विविध मत प्रकट गरेका छन्। लुन्डबर्गले परिवारका प्रमुख प्रकार्यबारे चर्चा गरेका छन्। यसै गरी ओगबरन, रिड, म्याकाइभर आदिले पनि परिवारका प्रमुख प्रकार्यहरूको उल्लेख गरेका छन्।[६] यी सबै समाजशास्त्री तथा मानवशास्त्रीहरूले उल्लेख गरेका कार्यहरूको मिश्रित स्वरूप निम्नलिखित छ –

### २.३.१ जीववैज्ञानिक प्रकार्य

परिवारको जीववैज्ञानिक प्रकार्यलाई यौनेच्छापूर्ति, सन्तानोत्पत्ति र निरन्तरता गरी तीन भागमा विभाजन गरिएको छ।

**▪ यौनेच्छापूर्ति**

मानिसका आधारभूत आवश्यकताहरूमध्ये यौनसन्तुष्टिलाई महत्त्वपूर्ण मानिन्छ। यसका निम्ति परिवार नै एउटा यस्तो संस्था हो जहाँ समाजद्वारा स्वीकृत विधिअनुसार मानिसले आफ्नो यौनेच्छापूर्ति गर्दछ। कुनै पनि समाजले यौनसम्बन्ध स्थापित गर्नका लागि नियमहीन स्वतन्त्रता दिँदैन। वास्तवमा परिवार नै यौनेच्छापूर्ति गर्ने वैधानिक, अनुशासित एवम् नैतिक स्थान हो।

**▪ सन्तानोत्पत्ति**

यौनेच्छापूर्ति शारीरिक क्रियाको रूपमा मात्र समाप्त हुँदैन। यसको परिणाम सन्तानोत्पत्तिको रूपमा पनि हुन्छ। मानव समाजलाई निरन्तरता दिनका लागि मृत्यु भएका सदस्यहरूको रिक्त स्थान पूर्ति गर्न नयाँ सदस्यहरूको जन्म हुनु आवश्यक

---

६ सी एन शङ्कर राव (सन् २००४), सोसियलजी अफ इन्डियन सोसाइटी, रामनगर, न्यु दिल्ली, पृ २३१

ठानिन्छ। समाजको यो महत्त्वपूर्ण कार्य परिवारले नै निर्वाह गर्दछ। यद्यपि परिवारभन्दा बाहिर अवैध सन्तानहरू पनि जन्मिन सक्तछन् तर कुनै पनि समाजले त्यस्ता सन्तानलाई स्वीकार गर्दैन। तसर्थ, परिवारका विभिन्न प्रकार्यमध्ये सन्तानोत्पति एउटा महत्त्वपूर्ण कार्य हो।

**■ निरन्तरता**

परिवारका माध्यमले मात्र यौनसम्बन्ध राख्ने र छोराछोरी जन्माउने सामाजिक अधिकार भएका कारण आफ्नो परिवार वा वंश तथा मानव समाजको सृष्टिलाई निरन्तरता दिने काम परिवारबाट नै हुन्छ। परिवारले नै मानव-समाजलाई अमर बनाएको छ। परिवार नै मृत्यु र अमरत्वको सङ्गमस्थल हो। नयाँ पिँढीलाई जन्माएर परिवारले मानवजातिको स्थिरता र निरन्तरता कायम राख्दछ।

## २.३.२ शारीरिक प्रकार्य

परिवारको यस प्रकार्यलाई पनि तीन भागमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ। ती हुन् शारीरिक संरक्षण, शिशुहरूको लालन पालनको व्यवस्था र गाँस, बास र कपासको व्यवस्था।

**■ शारीरिक संरक्षण**

परिवारले आफ्ना सदस्यहरूलाई शारीरिक संरक्षण प्रदान गर्दछ। असहायावस्था, शैशवकाल, रुग्णावस्था, वृद्धावस्था, दुर्घटना आदि भएको बेला परिवारले नै आफ्ना सदस्यहरूको हेरचाह गर्दछ ।

**■ शिशुहरूको लालानपालानको व्यवस्था**

परिवारमा एउटा नयाँ सन्तानको जन्म भएपछि त्यस शिशुको लालनपालन गर्ने महत्त्वपूर्ण कार्य पनि परिवारले नै गर्दछ। विश्वका अनेकौँ प्राणीहरूका तुलनामा मानिस एउटा यस्तो प्राणी हो जसको शैशवकाल लामो हुन्छ। अतः त्यसबेला शिशुको लालनपालन परिवारले नै गर्दछ।

**■ गाँस, बास र कपासको व्यवस्था**

परिवारले आफ्ना सदस्यहरूको शारीरिक अस्तित्व कायम राख्नका निम्ति गाँस, बास र कपासको व्यवस्था पनि गर्दछ। यसरी परिवारका सदस्यका लागि बसोबासको व्यवस्था गर्नु समाजमा परिवारको दायित्व पनि हो।

**२.३.३ आर्थिक प्रकार्य**

परिवारका आर्थिक प्रकार्यहरू उत्तराधिकारीको निर्धारण, उत्पादन एकाइ, श्रमविभाजन र सम्पत्तिको रक्षा हुन्।

**■ उत्तराधिकारीको निर्धारण**

प्रायः समाजमा आफ्नो पद एवम् सम्पत्ति नयाँ पुस्तालाई हस्तान्तरण गर्ने नियम पाइन्छ। यो कार्य परिवारद्वारा गरिन्छ। पितृसत्तात्मक परिवारमा उत्तराधिकार बाबुद्वारा छोराछोरीहरूलाई गरिन्छ भने मातृसतात्मक परिवारमा भने आमाद्वारा छोरीलाई प्रदान गरिन्छ।

**■ उत्पादन एकाइ**

परिवार भनेको उत्पादन र उपभोगको एकाइ हो। परिवारका सदस्यको मुख्य ध्यान साधारणतः उत्पादनतर्फ जान्छ। उनीहरू धनोपार्जन गर्दछन् र आवश्यकताअनुसार धन खर्च पनि गर्दछन्। जुन परिवारका सदस्यहरूले मिलिजुली कार्य गरेर आम्दनी बढाउँदछन् त्यो परिवार आर्थिक दृष्टिले सुखी र सम्पन्न हुन्छ।

**■ श्रमविभाजन**

प्रत्येक परिवारमा सदस्यहरूको उमेर तथा लिङ्गका आधारमा श्रमविभाजन भएको पाइन्छ। सबै सदस्यहरूले आफ्नो योग्यता र कुशलताअनुसार आआफ्नो कार्य गर्ने गर्दछन्। परिवारभित्रका सदस्यले कसले कुन काम गर्ने भन्ने कुरा सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवस्थाले निर्धारण गरेको हुन्छ। स्त्री र पुरुषहरूले कुन कुन काम गर्ने भन्नेबारेमा कामको बाँडफाँड हुन्छ। त्यस्तै प्रकारले औद्योगिक, विकसित तथा आधुनिक समाजमा स्त्री-पुरुष दुवै समान रूपमा कार्य गर्दछन्। यसरी परिवारको श्रमविभाजन पनि आर्थिक सहयोगको प्रमुख कारक नै हो।

**■ सम्पत्तिको रक्षा**

परिवारका सम्पूर्ण चलअचल सम्पत्तिको रक्षा परिवारका सदस्यले गर्छन्। परिवारमा अंशबन्डाका रूपमा सम्पत्तिको वितरण तथा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने कार्य सामाजिक मूल्य, मान्यता र परम्पराअनुसार हुने गर्दछ। अतः पारिवारिक सम्पत्तिको व्यवस्था गरी त्यसको रक्षा गर्नु पनि परिवारको एउटा महत्त्वपूर्ण कार्य नै हो।

### २.३.४ धार्मिक प्रकार्य

प्रत्येक परिवार कुनै न कुनै धर्मको अनुयायी हुन्छ। सदस्यहरूलाई धार्मिक शिक्षा, धार्मिक प्रथा, नैतिकता, व्रत, चाडबाड, पूजाआजा तथा दान धर्म आदिको ज्ञान परिवारले नै गराउँदछ। व्यक्तिले स्वर्गनर्क, पापपुण्य तथा हिंसाअहिंसा आदिजस्ता धारणाहरू परिवारबाट नै ग्रहण गर्छ। परिवारले आफ्ना सदस्यहरूको धार्मिक भावना विकसित गराउन सहयोग गर्दछ। यसबाट पारिवारिक सन्तुष्टि मिल्दछ। अतः परिवार धार्मिक एवम् आध्यात्मिक शिक्षाको केन्द्र हो।

### २.३.५ शैक्षिक प्रकार्य

मानिसको पहिलो पाठशाला घर-परिवार हो। उसले आफ्नो घरपरिवारबाट उचित कार्यहरू सिकेको हुन्छ, जस्तै भाषा, चालचलन, सामाजिक व्यवहार, मूल्य, मान्यता तथा नीति-नियम आदि। हरेक परिवारले आफ्ना सन्तानहरूबारे सकारात्मक सोचाइ राखेको हुन्छ। शैक्षिक कार्यमा लाग्न उत्प्रेरित गर्नाका साथै त्यसका लागि आवश्यक आर्थिक चाँजोपाँजो मिलाउने र उचित वातावरण सिर्जना गर्ने काम परिवारले नै गर्छ। व्यक्तिले प्रेम, दया, माया, स्नेह, बलिदान, आज्ञापालन, सहानुभूति, अनुशासन आदिको पाठ परिवारद्वारा नै पढ्दछ। परिवारले व्यक्तिलाई अनेक मानवीय तथा सामाजिक गुणहरू विकास गर्नमा सहयोग पुर्‍याउँदछ। यसैले मानव-जीवनमा परिवारको शैक्षिक भूमिका अति महत्त्वपूर्ण रहेको मान्न सकिन्छ।

### २.३.६ मनोवैज्ञानिक प्रकार्य

परिवारले आफ्ना सदस्यहरूलाई मानसिक सुरक्षा र सन्तोष प्रदान गर्छ। परिवारका सदस्यहरूमाझ परस्परमा प्रेम, सहानुभूति र सद्भाव पाइन्छ। परिवारले नै व्यक्तिमा

आत्मविश्वास उत्पन्न गराउँदछ। सदरल्यान्ड र वुडवर्डका मतअनुसार' परिवार एउटा आराम गृह हो जहाँ व्यक्तिले आनन्दको सास लिन्छ र ऊ आफ्नो कार्यालय वा दैनिक कार्यमा देखा परेका चिन्ताहरूबाट मुक्त हुन्छ।[७] वस्तुतः परिवारकै प्रयासद्वारा व्यक्तिको ईर्ष्यालु र रिसाउने बानी हटाउन सकिन्छ। यसैले व्यक्तिको जीवनमा परिवारको मनोवैज्ञानिक प्रकार्य पनि अन्य प्रकार्यहरूझैँ महत्त्वपूर्ण रहेको छ।

### २.३.७ सांस्कृतिक प्रकार्य

परिवारले नै आफ्नो संस्कृतिको रक्षा गर्छ। परिवारमा रहेर व्यक्तिले आफ्नो पारम्परिक संस्कार र संस्कृतिको पालन गरिरहेका हुन्छन्। परिवारले आफ्ना चाडपर्वहरू सम्पन्न गराउँदछ। परिवारका माध्यमबाट सांस्कृतिक तत्त्वहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेको हुन्छ। जस्तै दसैँ, तिहार, ल्होसार, तीज, जनैपूर्णिमा, इद अनि क्रिसमस आदि पारम्परिक चाडपर्वहरूको पालनद्वारा व्यक्ति आफूलाई परम्परा र यसको गरिमासित सम्बद्ध तुल्याउँछ जसले उसको सामूहिक अस्तित्व बोध गर्दछ। यसर्थ, समाजको संस्कृति जोगाएर राख्नमा परिवारको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।

### २.३.८ सामाजिक प्रकार्य

वास्तवमा परिवारद्वारा गरिने प्रत्येक कार्यले नै समाजमा न्यून रूपमा भए पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ। यसर्थ, समाजमा एउटा अत्यन्त महत्त्वपूर्ण एकाइका रूपमा परिवारले विभिन्न सामाजिक कार्यहरू गर्छ, तीमध्ये केही निम्नप्रकार छन् -

७ सी एन शङ्कर राव (सन् २००४), सोसियलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृ १३५

**■ सामाजिक स्तर एवम् पद निश्चित गर्ने कार्य**

समाजमा सबै परिवारको र प्रत्येक पद वा स्तर हुँदछ। पद वा स्तरअनुसार सदस्यहरूलाई परिवार तथा समाजमा स्थान र मर्यादा प्राप्त हुँद छ। हरेक परिवारले आफ्ना सदस्यको स्तर र उसबाट अपेक्षित कार्य निर्धारण गर्दछ। परिवारले नै व्यक्ति को कोसँग भेट्ने, कोसँग वैवाहिक सम्बन्ध स्थापित गर्ने, कोसँग खानेपिउने तथा कस्तो प्रकारले जीविकापार्जन गर्ने आदि कुरा निश्चित गर्दछ। एउटा साधारण मजदुर परिवारमा जन्मेको व्यक्तिको सामाजिक स्तर र भूमिका धनी परिवारमा जन्मेको व्यक्तिको भन्दा भिन्न प्रकारको हुन्छ। अतः व्यक्तिको सामाजिक स्तर र मर्यादा परिभाषित गर्ने मापदन्डका रूपमा परिवारलाई लिन सकिन्छ।

**■ मानव सभ्यता तथा अनुभवहरूलाई हस्तान्तरण गर्ने कार्य**

मानव सभ्यता वा संस्कृतिको इतिहास अत्यन्त व्यापक छ। आमाबाबुले आफ्ना पुर्खाबाट सिकेका कुराहरू आफ्ना सन्तानलाई सिकाउने प्रयत्न गर्छन्। यसरी मानव सभ्यता एवम् संस्कृति एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ। अतः यो पनि परिवारको एउटा सामाजिक कार्य नै हो।

**■ सामाजिक नियन्त्रणको कार्य**

प्राथमिक समूहका रूपमा परिवार सामाजिक नियन्त्रणको मुख्य साधन हो। परिवारका सदस्यहरूमाझ एकाअर्कामा नियन्त्रण रहन्छ। सबै सदस्यले आफूभन्दा ठुलाहरूको आज्ञा पालन गर्नु आफ्नो कर्त्तव्य ठान्दछन्। परिवारका कुनै पनि सदस्यले साधारणतः आफ्नो परिवारको बदनाम हुने प्रकारका कार्य गर्न चाहँदैनन्। परिवारले आफ्ना सदस्यहरूलाई सद्गुणी बनाउँछ र अनुशासित जीवन व्यतीत गर्ने शिक्षा दिँदछ। यी N

सबैको प्रभाव सामाजिक क्षेत्रमा पनि पर्दछ र सामाजिक नियन्त्रणको कार्यमा सहयोग हुँदछ।

## २.३.९ परिवारका अन्य प्रकार्यहरू

उपर्युक्त विभिन्न प्रकार्यका अतिरिक्त परिवारले व्यक्त तथा समाजका निम्ति अन्य विभिन्न महत्त्वपूर्ण कार्यहरू गर्दछ। जस्तै व्यक्तिलाई राष्ट्रका महत्त्वपूर्ण नियमहरूसित परिचित गराउनु, आगामी पिँढीका निम्ति प्रमुख अनुभवहरू सञ्चित गर्नु, विभिन्न मनोरञ्जनात्मक कार्यहरू गरी परिवारमा नयाँ उत्साह र उमङ्ग सञ्चार गर्नु तथा व्यक्तिलाई मानवीय गुणहरूको शिक्षा प्रदान गर्नु आदि। परिवारले केही कार्य व्यक्तिका निम्ति गर्छ र केही कार्य समाजका निम्ति गर्छ। यसो भए तापनि ती कार्यहरूले दुवैतर्फ आवश्यक रूपमा प्रभाव पारी नै रहेका हुन्छन्।

उक्त विभिन्न प्रकार्यहरूबाट के स्पष्ट हुन्छ भने परिवारद्वारा गरिने सबै कार्यहरूको उद्देश्य मानिसको व्यक्तित्वको विकासका निम्ति आवश्यक परिवेश र सुविधाहरू प्रदान गर्नु तथा सामाजिक संरचनामा सन्तुलन र एकरूपता उत्पन्न गर्नु हो। अतः परिवारद्वारा गरिने सम्पूर्ण कार्यहरू मानव-जीवनका निम्ति अति आवश्यक र उपयुक्त हुन्छन्।

## २.४ परिवारका विशेषता

विभिन्न विद्वान्, समाजशास्त्री तथा मानवशास्त्रीहरूले दिएका परिभाषाका आधारमा भन्न सकिन्छ कि परिवार एउटा सामाजिक समूह हो र यसका आफ्नै मौलिक विशेषताहरू छन्। त्यस्ता विशेषताले यसलाई एउटा सामाजिक संस्थाको रूपमा चिनाउन र स्थापित गराउन महत्त्वपूर्ण भूमिका खेल्दछन्। म्याकाइवर र पेजले

परिवारका विभिन्न परिभाषाहरूको अध्ययन गरी यसका विशेषताहरू निम्नप्रकारका हुन्छन् भनी उल्लेख गरेका छन्[८] -

### २.४.१ सार्वभौमिकता

परिवार सबैभन्दा जेठो संस्था हो। परिवार विश्वका सबै समाजमा पाइन्छ। सामाजिक विकास क्रममा परिवारको सिर्जना भएदेखि नै हरेक समाजमा परिवार रहेको छ। समाजको उद्विकासको प्रारम्भिक चरणदेखि नै कुनै न कुनै रूपमा परिवार अवश्य पाइएको थियो। प्रत्येक मानिस कुनै न कुनै परिवारको सदस्य हुन्छ र भविष्यमा पनि रहन्छ। सामाजिक विकासका सबै स्तरमा परिवार रहेको हुन्छ। अतः परिवारको उपस्थिति सार्वभौमिक हुन्छ।

### २.४.२ सहवासको सम्बन्ध

परिवारको सुरु विवाहबाट हुन्छ। हरेक परिवारको निर्माणमा नारी र पुरुष हुन्छन्। उनीहरूबिच सहवासको सम्बन्ध पाइन्छ जुन नैतिक र सामाजिक रूपमा विवाहको कारणले नै स्वीकृत हुने गर्दछ। यदि परिवारमा सहवासको सम्बन्ध बिग्रियो भने त्यस परिवारको विघटन हुने सम्भावना धेर हुँदछ। त्यसैले व्यक्तिलाई सहवास सम्बन्धित विधि र रीति नियमसित अवगत गराएर सचेत तुल्याउने विशेष कार्य परिवारले नै गर्दछ। अतः यसलाई परिवारको एउटा विशेषता मान्न सकिन्छ।

### २.४.३ वैवाहिक सम्बन्ध

नारी पुरुषमाझमा सहवासको सम्बन्ध स्थापित हुनालाई कुनै प्रकारको वैवाहिक पद्धति अप्नाइएकै हुनुपर्छ। विवाहको स्वरूप जुनै भए पनि परिवारमा विवाह एउटा

---

[८] एर एम म्याकाइवर एन्ड सी एच पेज (सन् २०११), सोसाइटी, पूर्ववत्, पृ २४०

संस्थागत अभिप्रायका रूपमा अवश्य रहेको हुन्छ। यसैले वैवाहिक सम्बन्धलाई पनि परिवारको विशेषता मान्न सकिन्छ।

### २.४.४ नामावलीको प्रणाली

प्रत्येक परिवारको वंशजले कि त बाबुको नामथरबाट परिचय प्राप्त गर्छ कि त आमाको नामथरबाट। त्यसैले प्रत्येक परिवारका सदस्यहरू कुनै न कुनै नामबाट चिनिन्छन्। यसैले परिवारमा वंश-परम्पराको गणना गर्ने पद्धति हुन्छ। अतः नामावलीको प्रणाली स्थापनलाई पनि परिवारको एउटा विशेषता नै मान्न सकिन्छ।

### २.४.५ साझा निवास

परिवारलाई बस्नका निम्ति तथा पारिवारिक जीवनलाई सुचारू रूपले चलाउनका निम्ति एउटा साझा घर वा वासस्थानको आवश्यकता पर्दछ। यसर्थ, प्रत्येक परिवारको एउटा साझा निवास स्थान हुन्छ। आफू र आफ्ना सन्तानहरूको पारिवारिक जीवनलाई व्यवस्थित राख्न एउटा निवासको आवश्यकता पर्छ जसको व्यवस्था गर्नु उनीहरूको पहिलो कर्त्तव्य हुन्छ। यसैले साझा निवास पनि परिवारको एउटा विशेषता नै हो।

### २.४.६ आर्थिक व्यवस्था

आर्थिक व्यवस्था पनि परिवारका अन्य विशेषता झैँ एउटा महत्त्वपूर्ण विशेषता नै हो। परिवारका विभिन्न आवश्यकताहरूको पूर्ति गर्नका लागि परिवारका सदस्यहरू विभिन्न क्रियाकलापमा सङ्लग्न रहन्छन्। यसको प्रमुख लक्ष्य परिवारको अर्थव्यवस्था दृढ र सुचारू राख्नु भन्ने हुन्छ। परिवारमा पति पत्नीले आफ्नो घरेलु जीवन धान्नका निम्ति केही आर्थिक व्यवस्था गरेका हुन्छन्। छोराछोरीको लालन पालन, स्याहार सम्भार र शिक्षा दीक्षाका साथै दैनिक जीवनका विभिन्न क्रियाहरू सम्पन्न गर्न उचित

आर्थिक व्यवस्थाको निर्धारण गर्छन् अनि यसै अनुरूप सामाजिक जीवनलाई गति दिँदछन्।

### २.४.७ भावनात्मक सम्बन्ध

परिवारका सदस्यहरू एकार्कासित भावनात्मक सम्बन्धद्वारा बाँधिएका हुन्छन्। पारिवारिक अन्तर्क्रियाहरू भावनात्मक सम्बन्धका आधारमा सञ्चालित हुने हुनाले परिवारमा शान्ति र सुव्यवस्था सदा कायम रहेको हुन्छ। परिवारमा छोराछोरीप्रति आमा बाबुको र आमाबाबुप्रति छोरा छोरीको भावनात्मक सम्बन्धकै फलस्वरूप एकार्काप्रति निस्वार्थ त्यागको भावना पाइन्छ। परिवारका सदस्यमाझ प्रेम, दया, सहयोग, त्याग, चिन्ता, स्नेह, सहानुभूति आदि भावनाजन्य सम्बन्ध रहेको हुन्छ जसले पारिवारिक सङ्गठन सुदृढ पार्दछ।

### २.४.८ सामाजिक नियन्त्रण

परिवारका केही निश्चित नियमहरू हुन्छन् जसले सदस्यहरूका व्यवहार र अनैतिक क्रियाकलापहरूलाई नियन्त्रित गर्दछन्। प्रत्येक परिवारमा आफ्नो पारिवारिक सामाजिक व्यवहारलाई व्यवस्थित रूपले सञ्चालन गर्न बनाइएका निश्चित नियमहरू हुने गर्छन्। कतिपय यस्ता नियम, रूढि एवम् प्रथाहरू छन् जसले परिवार विघटित हुन नदिनका लागि सामाजिक नियन्त्रण गर्छन्। परिवार एकप्रकारले समाज नै हो जहाँ सामाजिक जीवनसँग सम्बन्धित प्रत्येक कुरा व्यक्तिले सिकिरहेको हुन्छ। अतः सामाजिक नियन्त्रणका निम्ति परिवार एउटा महत्त्वपूर्ण साधन नै हो।

### २.४.९ सीमित आकार

परिवारको अर्को विशेषता यसको रूप वा आकार सीमित हुनु पनि हो। समाजका अन्य संस्थाहरूका तुलनामा परिवारको आकार सीमित हुन्छ। परिवारका सदस्यहरूको जन्म र मृत्युको नियमित क्रम चलिरहने हुनाले यसको आकार सानो हुन्छ। समय समयमा हुने पारिवारिक विघटनले पनि यसको आकारलाई सीमित गर्दछ।

परिवार मानव समाजको एउटा शाश्वत सामाजिक संस्था भएकाले परापूर्वकालदेखि वर्तमानकालसम्म नै यो त्यत्तिकै औचित्यपूर्ण र उपादेय छ। यसबाट सांस्कृतिक र सामाजिक दुवै संस्थाका रूपमा परिवारको विशिष्टता झल्किन्छ।

### २.५ परिवारका प्रकार

मानव समाज विकसित हुँदै जाँदा परिवारका अनेक रूपहरू अस्तित्वमा आएका छन्। विविध सङ्गठन, संयोजन तथा संरचना आदिका कारण मानव-समाजमा परिवारको स्वरूप एकै प्रकारको पाइँदैन। विभिन्न आर्थिक, सांस्कृतिक, सामाजिक तथा भौगोलिक अवस्थाका कारण संसारका समाजहरूमा परिवारका विविध स्वरूप तथा प्रकार पाइन्छन्। विलियम पी स्कटले परिवारका दुई दर्जनभन्दा बढी प्रकारको विवरण प्रस्तुत गरेका छन्।[९] सामान्यतः सदस्यहरूको सङ्ख्या, विवाहको स्वरूप, स्त्री पुरुषको सत्ता वा अधिकार, वंशनाम तथा निवास आदिका आधारमा परिवारको वर्गीकरण गरिएको पाइन्छ । त्यस्ता वर्गीकरण यसप्रकार छन् –

---

९ विलियम पी स्कट (सन् १९८८), डिक्सनरी अफ् सोसियोलजी, गोयल सान, दिल्ली, पृ १८७

**तालिका सङ्ख्या १**

| | |
|---|---|
| सङ्ख्याका आधारमा | संयुक्त परिवार, एकात्मक परिवार र बृहत् परिवार। |
| निवासका आधारमा | मातृस्थानीय परिवार, पितृस्थनीय परिवार, द्विस्थानीय परिवार र मातृ-पितृस्थानीय परिवार। |
| सत्ता वा अधिकारका आधारमा | मातृसत्तात्मक परिवार र पितृसत्तात्मक परिवार। |
| वंशनामका आधारमा | मातृवंशीय परिवार र पितृवंशीय परिवार। |
| विवाहको आधारमा | एकविवाही परिवार र बहुविवाही परिवार। |
| अन्य रूपका आधारमा | प्रजनित परिवार,दम्पत्ति-स्वजनसम्बन्धी परिवार, ग्रामीण परिवार र नागर परिवार। |

### २.५.१ सदस्य सङ्ख्याका आधारमा परिवारका प्रकार

सदस्य सङ्ख्याका आधारमा परिवारका प्रकारहरू निम्नलिखित छन् -

### अ) संयुक्त परिवार

तीन वा तीनभन्दा बढी पुस्ताका सदस्यहरू एकै साथ एउटै घरमा बस्दछन्, एउटै चुलामा पकाएको खाना खान्छन् र सबै सदस्यहरू एका-अर्कामा रगतको साइनो वा वैवाहिक सम्बन्धले बाँधिएका हुन्छन् भने यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ। यस्तो परिवारका सदस्यहरू सामूहिक सम्पत्तिको उपभोग गर्छन्, एउटा आर्थिक एकाइको रूपमा कार्य गर्छन् तथा संयुक्त रूपमा विभिन्न सामाजिक, धार्मिक र सांस्कृतिक अनुष्ठानहरूमा भाग लिन्छन्। भारतीय समाजमा परापूर्वकालदेखि नै संयुक्त परिवारको प्रथा विद्यमान रहेको पाइन्छ।[१०] भारत मुख्यतः कृषिप्रधान देश भएकोले तथा जनसङ्ख्याको ठुलो प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्नले पनि यस्तो परिवार प्रथा अस्तित्वमा आएको हो।

### आ) एकात्मक परिवार

एकात्मक परिवारमा पति-पत्नी र उनीहरूका अविवाहित छोरा-छोरीहरू सँगसँगै बस्ने गर्छन्। यस परिवारको ढाँचा सबैभन्दा सानो प्रकारको हुन्छ। यस प्रकारको परिवारमा सदस्य सङ्ख्या पनि सीमित हुन्छ। औद्योगीकरण, सहरीकरण तथा आधुनिकता आदिले गर्दा संयुक्त परिवारबाट नै विघटन भएर एकात्मक परिवार स्थापित भएको हो।

### इ) बृहत् परिवार

संयुक्त र एकात्मक दुवै परिवारका विशेषताहरू मिश्रित पाइने परिवार प्रथालाई बृहत् परिवार भनिन्छ। यस्तो परिवारमा आमा-बाबु दुवै पक्षका सन्तान तथा नातेदारहरू

---

१० राम आहुजा (सन् २००७), भारतीय सामाजिक व्यवस्था, रावत पब्लिकेसन्स, गुवाहाटी, पृ २२

एकै ठाउँमा बस्छन्। यस परिवारका सदस्यहरूको निवास र कार्यक्षेत्र एकै ठाउँमा भए पनि उनीहरू भिन्न भिन्नै आर्थिक एकाइका रूपमा बस्छन्। अतः बृहत् परिवार आर्थिक रूपले एकात्मक परिवार समान देखिन्छ भने मानसिक रूपले संयुक्त परिवारको नजिक रहेको देखिन्छ।

### २.५.२ निवासका आधारमा परिवारका प्रकार

निवासका आधारमा परिवारका प्रकारलाई नियाल्दा मातृस्थानीय परिवार, पितृस्थानीय परिवार, नवस्थानीय परिवार, द्विस्थानीय परिवार र मातृ-पितृ स्थानीय परिवार गरी अध्ययन गर्न सकिन्छ –

#### अ) मातृस्थानीय परिवार

विवाहपछि पति आफ्नी पत्नीका आमाबाबुको घरमा गएर स्थायी रूपमा बस्ने प्रथा भएको परिवारलाई मातृस्थानीय परिवार भनिन्छ। यस्तो प्रथा भएको परिवार नेपालमा मुसहर, दुसाध तथा धाँगड वा झाँगड आदि जातिहरूमा देख्न पाइन्छ।[११]

#### आ) पितृस्थानीय परिवार

मातृस्थनीय परिवारको विपरीत विवाहपछि पत्नी आफ्नो पतिको पैतृक घरमा संयुक्त रूपमा बस्ने प्रथा भएको परिवारलाई पितृस्थानीय परिवार भनिन्छ। यस्तो परिवार प्रथा हिन्दू, भिल्ल, मुसलमान, लिम्बू, राई लगायत अनेकौँ पितृवंशीय परिवारहरूमा प्रचलित पाइन्छ।[१२]

---

११ वासु बराल (वि सं २०६१), मानवशास्त्र र समाजशास्त्राको परिचय, साझा प्रकाशन, ललितपुर, पृ ११९

१२ वासु बराल (वि सं २०६१), मानवशास्त्र र समाजशास्त्राको परिचय, पूर्ववत्,  पृ ११९

### इ) नवस्थानीय परिवार

विवाहपछि नव विवाहित दम्पत्ति आफ्ना आमाबाबुको घरमा नबसेर अलग्गै आफ्नै नयाँ घर बनाई बस्ने प्रथा भएको परिवारलाई नवस्थानीय परिवार भनिन्छ। आधुनिक औद्योगीकरण तथा सहरीकरणको फलस्वरूप स्थान परिवर्तन हुनाले यस्ता परिवारहरूको सङ्ख्या बढ्दै गइरहेको छ। यस्तो नवस्थानीय निवास एकात्मक परिवारको प्रमुख विशेषता हो।

### ई) द्विस्थानीय परिवार

विवाहपश्चात् पति-पत्नी दिउँसो आफू आफू जन्मेको परिवारमा गएर बस्छन् अनि राति आफ्नी पत्नी बसेको घरमा पति जान्छन् भने त्यस्तो प्रथा भएको परिवारलाई द्विस्थानीय परिवार भनिन्छ। भारतका केही जनजातीय समाजमा यो प्रथा पाइन्छ।

### उ) मातृपितृ स्थानीय परिवार

नवविवाहित दुलहादुलही एकार्काका घरमा आलोपालो गर्दै बस्ने प्रथा भएको परिवारलाई मातृपितृ स्थानीय परिवार भनिन्छ।

### २.५.३ पारिवारिक सत्ता वा अधिकारका आधारमा परिवारका प्रकार

पारिवारक सत्ता वा अधिकारका आधारमा परिवारका प्रकारहरूको अध्ययन गर्दा निम्नलिखित रहेको पाइन्छ –

### अ) मातृसत्तात्मक परिवार

परिवारको सम्पूर्ण सत्ता वा अधिकार आमाको हातमा हुने स्त्री-प्रधान प्रथालाई मातृसत्तात्मक परिवार भनिन्छ। सामान्यतः यस्तो परिवार मातृस्थानीय हुन्छ। यस्ता परिवारका सम्पूर्ण सदस्य आमाकै खटनपटनमा चल्ने गर्छन् अनि उसले नै परिवारका निम्ति सबै निर्णय लिन्छे। परिवारका चलअचल सम्पत्तिहरू सबै आमाकै देखरेखमा रहेका हुन्छन्। नेपाली सामाजिक इतिहासको प्राचीन र मध्यकालीन समाजमा विशेषतः मङ्गोल किरात समुदायमा यो परिवार-प्रथा पाइन्छ भने भारतका खासी, गारो, लेप्चा आदि जनजातीय समाजमा पनि यस्तो परिवार प्रथा विद्यमान रहेको पाइन्छ।[१३]

### आ) पितृसत्तात्मक परिवार

यस्तो प्रथा भएको परिवार मातृसत्तात्मक परिवारको विपरीत देखिन्छ। यस्ता परिवारमा सत्ता एवम् अधिकार बाबुको हातमा हुन्छ। परिवारका सम्पूर्ण निर्णयहरू उसैका हातमा रहन्छन्। सामान्यतः यस्तो परिवार पितृस्थानीय हुन्छ। यसैले परिवारको सम्पूर्ण सत्ता वा अधिकार बाबुको हातमा हुने पुरुषप्रधान परिवार प्रथालाई पितृसत्तात्मक परिवार भनिन्छ। संसारका अधिकांश समाजमा यस्तो परिवार प्रथा विद्यमान रहेको पाइन्छ।

### २.५.४ वंशनामका आधारमा परिवारका प्रकार

वंशनामका आधारमा परिवारका प्रकार निम्नलिखित छन् –

१३ जनकलाल शर्मा (वि सं २०५८), हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, ललितपुर, पृ २४१

### अ) मातृवंशीय परिवार

परिवारमा सन्तानको वंश नाम वा वंश परिचय आमाको वंशनाममा आधारित हुने परिवारलाई मातृवंशीय परिवार भनिन्छ। परिवारका सदस्यहरूलाई आमाको वंशनामबाट चिनिन्छ।

### आ) पितृवंशीय परिवार

वंशपरम्परा बाबुको नामबाट चल्ने प्रथा भएको परिवारलाई पितृवंशीय परिवार भनिन्छ। परिवारका सदस्यहरूलाई बाबुको वंशनामबाट चिनिन्छ।

## २.५.५ विवाहका आधारमा परिवारका प्रकार

विवाहका आधारमा परिवारका प्रकार निम्नप्रकार छन् –

### अ) एकविवाही परिवार

एउटा पुरुष वा एउटी स्त्रीलाई एकपल्ट मात्र विवाह गर्न पाउने प्रथा भएको परिवारलाई एकविवाही परिवार भनिन्छ। यस्तो परिवार प्रथामा नारी पुरुषले एकैपल्ट मात्र बिहे गरेर नयाँ परिवारको निर्माण गर्छ। दुवैले जीवनभरि एकैजनासँग मात्र बस्न पाउँछन्। तर यस्तो परिवार प्रथामा यदि पतिपत्नीमध्ये कसैको आकस्मिक मृत्यु भयो भने तथा उनीहरूमाझ पारपाचुके भयो भने अर्को विवाह गर्न पाइन्छ।

### आ) बहुविवाही परिवार

यस्तो परिवार बहुविवाह गर्नपाइने अथवा बहुविवाही प्रथाद्वारा बनिएको परिवार हो। यस्तो पारिवारिक व्यवस्थाभित्र एउटा पुरुष वा एउटी स्त्रीलाई एकाधिक स्त्री वा

पुरुषसित विवाह गर्ने अधिकार समाजले दिएको हुन्छ। यस्तो परिवार प्रथालाई बहुविवाही परिवार भनिन्छ । यसका अनेक भेद उपभेद छन्, ती हुन् –

- **बहुपत्नी विवाही परिवार**

  एउटा पुरुषले एकाधिक स्त्रीहरूसँग विवाह गर्ने प्रथालाई बहुपत्नी विवाही परिवार भनिन्छ। प्राचीनकालमा राजा-महाराजामा यो प्रथा प्रचलन रहेको पाइन्छ। नेपाल, भारत अर्थात् कृषिप्रधान देशहरूमा यो प्रथा प्रचलनमा आएको विद्वान्हरू मान्दछन्। यद्यपि यो वर्तमान सन्दर्भमा कानुन र ऐनमा निषेध मानिए तापनि बहुपत्नी विवाही परिवारको प्रचलन समाजमा आजसम्म कायमै रहेको पाइन्छ।

- **बहुपति विवाही परिवार**

  एउटी स्त्रीले एकाधिक पुरुषहरूसँग विवाह गर्ने प्रथालाई बहुपति विवाही परिवार भनिन्छ। भारतका खसिय, कोटा, टोडा आदि जनजातीय समुदायमा यस्तो प्रकारको परिवार प्रथा पाइन्छ। बहुपति विवाही परिवारका भ्रातृ बहुपति विवाही परिवार र भ्रातृइतर बहुपति विवाही परिवार गरी दुई उपभेद छन्। एउटी स्त्रीसँग एकै परिवारका दाजु भाइहरूले विवाह गरी एउटै घरमा बस्ने गर्छन् भने त्यस्तो परिवार प्रथालाई भ्रातृ बहुपति विवाही परिवार भनिन्छ। महाभारत कथामा पाँचजना पाण्डवको विवाह एउटी द्रौपदीसँग भएकोलाई उदाहरण स्वरूप लिन सकिन्छ। एउटी स्त्रीका पतिहरू एकै परिवारका दाजु भाइहरू नभएर त्यसै परिवारसँग सम्बन्धित अन्य पुरुषहरू हुन्छन् भने यस्तो परिवार प्रथालाई भ्रातृइतर बहुपति विवाही

परिवार भनिन्छ। भारतका नागा, टोडा तथा भोटिया आदि केही जनजातिहरूमा यसप्रकारको परिवार प्रथा पाइन्छ।[१४]

- **समूह विवाही परिवार**

  वर्तमान अवस्थामा अति नगण्य रूपमा रहेको यो प्रथा मानव सभ्यताको सुरुमा प्रचलन थियो। यस्तो परिवार प्रथामा धेरै पुरुषहरू मिलेर अनेक स्त्रीहरूसँग सामूहिक रूपमा विवाह गर्छन्। यसरी गरिएको विवाहपछि स्त्री-पुरुष सबैले एका-अर्काप्रति समान रूपले पति-पत्नीको व्यवाहार गर्छन्।[१५]

### २.५.६ परिवारका अन्य प्रकार

परिवारका उक्त विभिन्न प्रकारका अतिरिक्त अन्य प्रकार पनि पाइन्छ, जसलाई यहाँ निम्न प्रस्तुत गरिएको छ –

### अ) प्रजनित परिवार

विवाहपश्चात् व्यक्ति स्वयमले आफ्नो परिवारको निर्माण गर्ने प्रथालाई प्रजनित परिवार भनिन्छ। यस्तो परिवारका सदस्यहरू एकजना पुरुष, उसकी पत्नी र अविवाहित छोरा-छोरी हुन्छन्। अतः एकात्मक परिवारकै स्वरूप यसप्रकारको परिवारमा पनि पाइन्छ।

---

[१४] मोतीलाल गुप्ता (सन् २००५), भारत में समाज, हिन्दी ग्रन्थ अकादमी, राजस्थान, पृ ३८६

[१५] चन्द्रदेव सिंह (सन् १९८७), प्राचीन भारतीय समाज और चिन्तन, विश्वविद्यालय प्रकाशन, वाराणसी, पृ २२

### आ) दम्पत्ति स्वजनसम्बन्धी परिवार

यस्तो परिवारमा विवाहद्वारा स्थापित नातादार र रगतको साइनो पर्ने मानिसहरू एकै परिवारका सदस्य बनेर एकै ठाउँमा बस्छन्। तर यस्तो परिवारमा विवाहद्वारा स्थापित भएका सदस्यहरूभन्दा रगतको साइनोले बाँधिएका सदस्यहरूको विशेष स्थान र महत्त्व हुन्छ।

### इ) ग्रामीण परिवार

यस्तो परिवारको अर्थव्यवस्था कृषिमा आधारित हुन्छ। संस्कृति, रूढिगत मान्यता, धर्म, रीतिथिति आदिले ग्रामीण परिवारका सदस्यहरूलाई सामाजिक र पारिवारिक दायित्व तथा कर्त्तव्यमा बाँधेको हुन्छ। यस्तो परिवारका सदस्यहरू एका-अर्कामा सजातीय सम्बन्धद्वारा बाँधिएका हुन्छन्।

### ई) नागर परिवार

नागर परिवारको जन्म परम्परागत संयुक्त परिवारको विघटन भएपछि भएको हो। अतः यसलाई एकात्मक परिवारकै एउटा रूप मान्न सकिन्छ। यो परिवार प्रथा पनि सहरीकरण, औद्योगीकरण तथा आधुनिकताका कारण नै प्रचलनमा आएको पाइन्छ। यसका सदस्यहरूले आफ्नो जीवनशैली सहरी पर्यावरण, सभ्यता र संस्कृतिमा ढालेका हुन्छन्। सानो आकार, स्वतन्त्रता, समानता र गतिशीलता यस किसिमको परिवारका विशेषताहरू हुन्।

## २.६ नेपालीहरूको पारिवारिक जीवनका विशेषता र प्रकार

समाजमा विभिन्न जाति तथा समूह बसोबास गर्छन्। विभिन्न जातिका आआफ्ना सामाजिक व्यवस्था र सांस्कृतिक परम्परा हुने हुनाले त्यही सामाजिक सांस्कृतिक विविधताका कारण जाति वा समूह विशेषका पारिवारिक परिपाटीहरूमा पनि भिन्नता देखापर्छन्।

संसारभरिका विभिन्न जातिका अनेकौँ परिवारहरूमध्ये नेपाली एउटा हो। प्राचीन कालदेखि नै अनेक जाति-उपजाति, वर्ण, धर्म तथा पेसा आदिका दृष्टिकोणले विभिन्न गोष्ठीहरूको बसोबास रहिआएकाले बुनोटका दृष्टिले नेपाली समाज निकै जटिल रहेको देखिन्छ। बहुधर्म तथा बहुजातीय सामाजिक बुनोटले नेपाली सामाजिक जीवनमा जटिलता र विविधता आएको हो। प्राचीन हिन्दू सामाजिक सङ्गठनको आधारशीलामा देखिने हिन्दू नेपाली समाजको एउटै मूल प्रवाहमा अन्य धेरै ससाना प्रवाहहरू समावेश भएर बृहत् नेपाली समाजको सिर्जना भएकोले नै समाजको स्वरूप निकै जटिल भएर पनि चाखलाग्दो भएको हो।

मुख्यतः परम्परागत हिन्दू सामाजिक व्यवस्थामा नै नेपाली समाज व्यवस्था पनि आधारित भएको हुँदा यसको मूलाधार संयुक्त परिवार प्रथा हो। परिवार प्रथा पनि जाति प्रणाली जस्तै परम्परागत हिन्दू सामाजिक व्यवस्थाको आधारभूत संस्थो हो। प्राचीन र मध्यकालीन नेपाली इतिहासको अध्ययनबाट तात्कालीन समाजमा हिन्दू संयुक्त परिवार प्रथा रहेको पाइन्छ। आधुनिक कालको सुरुमा पनि नेपालीहरूको पारिवारिक सङ्गठन प्राचीन आदर्शअनुरुप नै थियो तापनि परिस्थिति र समयको परिवर्तनसँगसँगै पारिवारिक बुनोटमा पनि परिवर्तन हुँदै गएको पाइन्छ। मुख्यतः संयुक्त परिवार प्रथा कायमै भए पनि यसको मध्यकालीन बृहत् आकारमा भने अनेक परिवर्तन हुँदै आएको देखिन्छ। यसरी प्रारम्भिक कालदेखि नै नेपाली समाज संयुक्त परिवार प्रथाको पक्षपाती रहिआएको देखिन्छ। वर्तमान समयमा पनि यो प्रथा कायमै पाइए तापनि पाश्चात्य औद्योगिक समाजको प्रभावले गर्दा तथा जागिरे जीवन भएको

कारण छोरा-छोरीहरू बाबु-आमाबाट अलग-अलग बस्ने गरेको देखिन्छ। यसो भए तापनि कानुनी रूपमा भने उनीहरू संयुक्त परिवारकै एउटा अङ्गको रूपमा स्वीकारेको पाइन्छ।

नेपालीहरूको पारिवारिक परिपाटी र यसको सामाजिक जीवन मूल रूपमा परम्परागत हिन्दू सामाजिक व्यवस्थामा आधारित भएकोले यो हिन्दू समाज व्यवस्थासित मिल्दोजुल्दो छ। हिन्दू सामाजिक व्यवस्थाअन्तर्गत नेपाली सामाजिक जीवनको परिपाटी कस्तो छ तथा यसको समाज र सङ्गठन के कस्तो छ भन्ने कुरा बुझ्न प्रथमतः परम्परागत हिन्दू समाजको मूलाधार मानिएको संयुक्त परिवार प्रथाको चर्चा गर्नु उपयुक्त हुन्छ।

### २.६.१ हिन्दू संयुक्त परिवार र यसका विशेषता

संयुक्त परिवार हिन्दू सामाजिक व्यवस्थाको मूलाधार हो। यो हिन्दू सामाजिक संरचनाको महत्त्वपूर्ण एकाइ हो। पति, पत्नी, पतिका आमा-बाबु, हजुरमा, हजुरबा, काका-काकी, नाति-नातिनी, अविवाहित छोरा-छोरीहरू साथै रक्त सम्बन्धित अन्य सदस्यहरू हिन्दू संयुक्त परिवारका प्रमुख सदस्यहरू हुन्। पाश्चात्य समाजमा पाइने 'जोइन्ट फ्यामिली' तथा 'एक्सटेन्डेट फ्यामिली' प्रणालीसित हिन्दू सामाजिक व्यवस्थामा पाइने संयुक्त परिवार प्रणालीमाझ केही समानता देखिए तापनि अनेकौँ सामाजिक तथा सांस्कृतिक सन्दर्भमा यसको कार्य-क्षेत्र तथा स्वरूप र प्रकृति भने भिन्नै र व्यापक देखिन्छ । सामान्यतः पाश्चात्य जोइन्ट फ्यामिली प्रणालीमा एउटा सामान्य पूर्वज, अविवाहित सन्तान र विवाहद्वारा सम्मिलित भएका नारीहरू हुन्छन्। यिनीहरू एउटा सामान्य घरमा बस्छन्। तर हिन्दू संयुक्त परिवार प्रणालीमा तीनभन्दा बढी पुस्ताका सदस्यहरू एकै साथ एउटै घरमा तथा एउटै चुह्लोमा पकाएको खाना खाएर बस्छन्।

## अ) हिन्दू संयुक्त परिवारका प्रमुख विशेषता

वासु बरालले हिन्दू संयुक्त परिवारका विशेषता निम्नलिखित देखाएका छन्[१६] -

■ **संयुक्त निवास**

संयुक्त परिवारका सदस्यहरू एउटै घरमा जीवन-यापन गर्छन्। एउटै घरमा अनेकौँ पुस्ताका सदस्यहरू बस्ने गर्छन्।

■ **संयुक्त चुह्ला**

संयुक्त परिवारका सदस्यहरू एउटै घरमा बसेर एउटै चुह्लामा पकाएको खाना पनि खाने गर्छन्।

■ **संयुक्त सम्पत्ति**

संयुक्त परिवारका सदस्यहरूको निजी सम्पत्ति हुँदैन। परिवारमा सबै सम्पत्ति सामूहिक रूपमा राखिन्छ । सम्पत्तिको उपभोग सामूहिक रूपमा हुन्छ।

■ **ठुलो आकार**

संयुक्त परिवारका विशेषताहरूमध्ये ठुलो आकार एउटा प्रमुख विशेषता हो। तीनभन्दा बढी पुस्ताका सदस्यहरू एकै ठाउँमा बस्ने हुनाले यस परिवारको आकार ठुलो हुन्छ।

---

[१६] वासु बराल (वि सं २०५०), हिन्दू सामाजिक सङ्गठनको प्रारूप, साझा प्रकाशन, काठमाडौं, पृ ८२

**■ मुखिया**

संयुक्त परिवारमा सबैभन्दा पाको सदस्यलाई मुखिया भनिन्छ। परिवारमा उसको हरेक प्रकारको नियन्त्रण हुन्छ। परिवारका अन्य सदस्यले उसको स्वीकृतिबिना कुनै काम गर्न सक्तैनन् साथै उसको अवहेलना गर्न पनि सक्तैनन्।

**■ सामूहिक अनुष्ठान**

संयुक्त परिवारमा पूजा पनि सामूहिक रूपमा गरिन्छ। परिवारभित्र र बाहिर सम्पन्न गरिने पूजाआजा, धार्मिक, सांस्कृतिक क्रियाकलाप, पर्व तथा कार्यक्रमहरूमा परिवारका सदस्यहरू सामूहिक रूपमा भाग लिन्छन्।

**■ पारस्परिक सहयोग**

परिवारका सदस्यहरूमाझ परस्पर सहयोगको भाव रहेको हुन्छ। यदि यस्तो भाव सिर्जना हुन नसके परिवारमा अव्यवस्था र असन्तुलन आउने सम्भावना बढ्दछ।

**■ आर्थिक स्थिरता**

संयुक्त परिवार आर्थिक दृष्टिले स्थिर हुन्छ। आर्थिक कार्यमा परिवारका सदस्यहरू सहभागी हुने हुनाले परिवारका सदस्यविशेषलाई कुनै आर्थिक बोझ पर्दैन। साझा सम्पत्ति हुने भएकाले परिवारको सम्पूर्ण आर्थिक संयुक्त रूपमा सञ्चालित हुन्छ। अतः यस्तो परिवारमा आर्थिक स्थिरता पाइन्छ।

## २.६.२ नेपालीहरूको पारिवारिक जीवनका प्रकार

मानव समाजमा परिवारको उत्पत्ति विकास, लक्ष्य तथा उद्‌देश्यहरू त्यस्तै त्यस्तै भए पनि सामाजिक तथा सांस्कृतिक तथा जातीय विविधताले गर्दा परिवारको सङ्गठन, सामाजिक परिपाटी र प्रकारमा पनि भिन्नता रहेको हुन्छ। नेपाली समाजमा विद्यमान पारिवारिक जीवनका मूलभूत पद्धतिलाई विभिन्न आधारहरूबाट वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । त्यस्ता केही प्रमुख आधारहरू निम्नप्रकार छन् –

### अ) सदस्य सङ्ख्याका आधारमा नेपाली परिवार

यसअन्तर्गत नेपाली सामाजिक व्यवस्थामा संयुक्त र एकात्मक गरी दुई प्रकारका परिवार-प्रथा हुन्छन्। वर्तमान नेपाली समाजमा एकात्मक पारिवारिक पद्धतिको बाहुल्य दिन प्रतिदिन बढ्दै गइरहेको छ। सङ्ख्यात्मक दृष्टिले संयुक्त परिवार प्रथाको प्रचलन न्यून भए तापनि कृषिप्रधान गाउँ, सामन्ती परिवार तथा राजपरिवारहरूमा संयुक्त परिवारका विभिन्न रूपहरू नै विद्यमान छन्। यद्यपि सहर गाउँ चारैतिर परम्परागत संयुक्त परिवार टुक्रिएर एकात्मक परिवार प्रथामा परिणत भइरहेको छ।

### आ) निवासका आधारमा नेपाली परिवार

निवासका आधारमा नेपाली सामाजिक व्यवस्थामा पितृस्थानीय, मातृस्थानीय र नवस्थानीय गरी तीन प्रकारका परिवार-प्रथा रहेको भेट्टाइन्छ। यसो भए तापनि वर्तमान नेपाली समाजका सन्दर्भमा हेर्दा मातृस्थानीय परिवार प्रथा भने त्यति पाइँदैन। यो भेद प्राचीन र मध्यकालीन नेपाली समाजमा मुख्यतः मङ्गोल किरात समुदायमा विद्यमान थियो।[१७]

---

[१७] जनकलाल शर्मा (वि सं २०५८), हाम्रो समाज एक अध्ययन, पूर्ववत्, पृ ४७

### इ) विवाहका आधारमा नेपाली परिवार

नेपाली परिवारमा एकविवाही र बहुविवाही परिवार प्रथा रहेको पाइन्छ। नेपाली सामाजिक जीवन मूलतः एकविवाही परिवार प्रथामा आधारित छ। यसो भए तापनि समाजमा कहीँ कतै पति वा पत्नी नमरी अर्को विवाह गर्ने प्रचलन पनि पाइन्छ। बहुविवाह गर्न नपाउने नेपाली समाजमा कुनै सामाजिक कानुन नभए तापनि सामाजिक मर्यादाका दृष्टिले यो प्रथा त्याज्य मानिन्छ।

### ई) पारिवारिक सत्ता वा अधिकारका आधारमा नेपाली परिवार

नेपाली सामाजिक व्यवस्थालाई पारिवारिक सत्ता वा अधिकारका आधारमा हेर्दा मुख्यतः मातृसत्तात्मक र पितृसत्तात्मक परिवार-प्रथा रहेको पाइन्छ। जनकलाल शर्माले उल्लेख गरेअनुसार नेपाली सामाजिक इतिहासमा प्राथमिक र मध्यकालीन मङ्गोल किराती समुदायमा मातृसत्तात्मक परिवार प्रथा रहेको बुझिन्छ। वर्तमान सन्दर्भमा हेर्दा नेपाली परिवार पितृसत्तात्मक संरचनामा नै निर्धारित रहेको मान्न सकिन्छ।

### उ) वंशनामका आधारमा नेपाली परिवार

मातृवंशीय र पितृवंशीय परिवार-प्रथा गरी कुल वा वंशका आधारमा नेपाली सामाजिक व्यवस्थामा परिवारका दुई भेद पाइन्छन्। नेपाली सामाजिक जीवन परम्परागत हिन्दू सामाजिक व्यवस्थामा आधारित भएकाले यसमा पितृवंशीय परिवारको बहुलता पाइन्छ।

### ऊ) ग्रामीण र नागर नेपालीहरूको पारिवारिक जीवनको परिपाटी

नेपाली परिवारहरू मुख्यतः गाउँ-घरमा पाइने हुनाले तथा नेपाली सामाजिक व्यवस्था कृषिमा आधारित समाज भएकोले नेपाली ग्रामीण परिवार ठुलो सङ्ख्यामा पाइन्छ।

समयको परिवर्तनसँगसँगै संयुक्त परिवारमा पनि कतिपय घटना तथा कारणहरूले गर्दा परिवार विघटन भएर एकात्मक परिवारको जन्म भयो र यस्तो परिवार प्रथा नगर वा सहरका समाजमा देखा पऱ्यो। अतः सहरी क्षेत्रमा विशेष यस्तो परिवार प्रथा पाइन्छ । यसरी ग्रामीण क्षेत्रदेखि सहरतर्फ नेपाली परिवार पनि विस्तारै फैलिँदै गइरहेको छ।

**ऋ) देवर-भाउजू विवाही परिवार**

दाजुको आकस्मिक मृत्यु भयो भने भाइले नै भाउजूलाई विवाह गरी पत्नीको रूपमा मूल घरमा राख्ने प्रथा भएको परिवार प्रथालाई देवर-भाउजू विवाही परिवार प्रथा भनिन्छ। यस्तो परिवारमा भाउजूको स्वीकृतिबिना देवरले उसलाई अप्नाउन सक्तैन साथै विधवा भाउजूको स्वीकृतिबिना देवरले अन्यत्र विवाह गर्न पनि पाउँदैन। नेपाली समाजमा यस्तो परिवार प्रथा लिम्बू समुदायमा प्राचीन तथा मध्यमिक कालमा विद्यमान रहेको पाइन्छ।[१८]

**ए) मातृ-पितृ सगोत्रीय विवाही परिवार**

यस्तो परिवारको निर्माण आमा वा बाबुका रक्त सम्बन्धीहरूसित उनीहरूका छोराछोरीहरूको विवाह भएपछि हुन्छ। नेपाली समाजमा यस्तो परिवार प्रथा केही भिन्न रूपमा पाइन्छ। नेपाली समाजमा मामा-चेली तथा फुपू चेलामा विहाबारी चल्ने प्रथा पाइन्छ। फुपूकी छोरी मामाको छोरासित र मामाकी छोरी फुपूको छोरासित बिहे गर्ने प्रथा लिम्बू , तामाङ आदि समुदायमा चलेको पाइन्छ।

यसरी संसारका अन्य समाजमा झैँ नेपाली समाजमा पनि पारिवारिक जीवनका अनेकौँ पद्धतिहरू पाइन्छन्। समयको गतिशीलता तथा परिवर्तनसँगसँगै पुराना

---

[१८] जनकलाल शर्मा (वि सं २०५८), हाम्रो समाज : एक अध्ययन, पूर्ववत्, पृ ४२

सामाजिक र पारिवारिक पद्धति, मूल्य र मान्यताहरू परिवर्तन हुनाका साथै विलीन हुँदै गइरहेका छन्। फलस्वरूप समाजमा नयाँनयाँ पारिवारिक ढाँचाहरू देखा पर्दै गइरहेका छन्।

## २.७ नेपालीहरूको पारिवारिक जीवनको बद्लँदो स्वरूपका मूल कारणहरू

संसारका प्रत्येक सामाजिक संस्थाहरू समय र परिस्थितिअनुकूल परिवर्तित हुँदै आएका छन्। नेपाली सामाजिक व्यवस्थामा आइरहेका परिवर्तनहरूले यसको पारिवारिक स्वरूपमा पनि स्वतः परिवर्तनहरू ल्याइरहेका छन्। नेपाली समाजमा देखा परिरहेका पारिवारिक जीवनको बद्लँदो स्वरूपका केही प्रमुख कारणहरूलाई निम्नप्रकार अध्ययन गर्न सकिन्छ –

### २.७.१ औद्योगीकरण

औद्योगीकरणलाई संयुक्त व्यवस्था विघटित हुने विभिन्न कारकहरूमध्ये प्रमुख मानिन्छ।[१९] सामान्यतः परम्परागत नेपालीहरूको पारिवारिक जीवन कृषिमा आधारित थियो। तर जसरी औद्योगीकरणका कारण अन्य समाजको संरचना प्रभावित भएको पाइन्छ, त्यसरी नै औद्योगीकरणको प्रभावले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा नेपाली समाजको बृहत्तर संरचनालाई विघटित तुल्याएको पाइन्छ। प्रथमतः संयुक्त परिवारलाई विघटित तुल्याई एकात्मक परिवारको जन्म गरायो। व्यक्तिहरूका परम्परागत धारणहरू शिथिल हुनथाले जो संयुक्त परिवार-व्यवस्था कायम राख्नका लागि आवश्यक थियो। विविध कारखानाहरू खोलिएर व्यापार धन्धामा बृद्धि भयो।

[१९] गणेशप्रसाद अधिकारी (वि सं २०५६), समाजशास्त्र तथा मानवशास्त्र-एक परिचय, रत्न पुस्तक भण्डार, काठमाडौँ, पृ १२९

परिवारका सदस्यहरू अब घरैमा नबसेर जीविका उपार्जनका निम्ति कामको खोजीमा यताउता हिँड्न थाले। फलस्वरूप परम्परागत रूपमा रहिआएको पारिवारिक एकता तोडिन थाल्यो र संयुक्त परिवार विघटित हुनथाल्यो।

**२.७.२ नागरीकरण**

वास्तवमा औद्योगीकरणले नै नागरीकरणलाई जन्मायो। औद्योगिक विकास र यतायातका नयाँनयाँ साधनहरूले सहर बजारको उद्‌भव र विकास भयो। समाजमा छुट्टै किसिमको नागर सभ्यताको प्रादुर्भाव भयो जसले परम्परागत पारिवारिक ढाँचामा परिवर्तन ल्याइदियो। संयुक्त परिवारका सदस्यहरू खेतीपाती र घरेलु उद्योग धन्धालाई त्यागेर रोजी रोटी र व्यापारधन्धाका निम्ति सहर बजारतिर पस्न थाले। यसरी सहरतर्फ लागेका सदस्यहरूले सहरमा नै एउटा छुट्टै घर बसाएर जीवन धान्न थालेपछि संयुक्त परिवार विघटित हुन थाल्यो।

**२.७.३ आधुनिक विचारधारा, शिक्षा, संस्कृति तथा सभ्यताको प्रभाव**

परम्परागत नेपाली परिवारमा आधुनिक विचारधारा, शिक्षा, संस्कृति तथा सभ्यता आदिको ठुलो प्रभाव परेकोले पनि परिवारको परम्परागत ढाँचा तथा कार्य क्षेत्रमा महत्त्वपूर्ण परिवर्तनहरू देखापरेको पाइन्छ। यसले पनि संयुक्त नेपाली परिवार टुक्र्याउनमा सहयोग गर्‍यो।

**२.७.४ बढ्दो जनसङ्ख्या र बेरोजगारी**

औद्योगीकरणले एकातिर रोजगारको सुअवसर प्रदान गर्‍यो भने अर्कातिर बढ्दो जनसङ्ख्याले गर्दा परिवारमा बेरोजगारीको समस्या देखा पर्‍यो जसले परिवारमा

आर्थिक अस्थिरता आउन थाल्यो। फलस्वरूप परिवारमा विभिन्न प्रकारका पारिवारिक झैझमेलाहरू सृष्टि हुनथाले। अतः यसमा सुधार ल्याउनका लागि पनि सदस्यहरू रोजगारको खोजीमा यत्रतत्र जान थाले। यसरी सदस्यहरू घरबाहिर जान थालेपछि संयुक्त परिवार सा साना नयाँ परिवारमा विभक्त हुनथाल्यो।

### २.७.५ परिवारका कार्यहरूमा न्यूनता

परम्परागत परिवारले व्यक्तित्वको विकास, सामाजिक सुरक्षा, मनोकञ्जन तथा आर्थिक जीवनको विकास आदिका निम्ति महत्त्वपूर्ण कार्यहरू गर्थ्यो जसले व्यक्ति स्वयम् पनि संयुक्त परिवारमा नै बस्नु अधिक उपयोगी ठान्दथ्यो। अचेल भने उक्त सबै कार्यहरू विभिन्न संस्थाहरूलाई हस्तान्तरित गरिएको छ। विभिन्न व्यावसायिक सङ्गठन तथा क्लब आदिले मनोरञ्जन प्रदान गर्दछन्, सामाजिक र सुरक्षाको काम राज्यले गर्दछ, व्यक्तित्वको विकास गर्ने काम शिक्षा संस्थानहरूलाई हस्तान्तरित गरिएको छ तथा आर्थिक जीवन सफल तुल्याउन संस्थागत प्रशिक्षणलाई आवश्यक मान्न थालेका छन्। यसरी संयुक्त परिवारका उपयोगिताहरूमा पनि न्यूनता आउन थालेको पाइन्छ।

### २.७.६ कानुनी व्यवस्था

देशको वर्तमान कानुन व्यवस्थाले पनि परम्परागत नेपाली परिवारलाई विघटित तुल्याउन विशेष भूमिका निर्वाह गरेको पाइन्छ। उत्तराधिकार अधिनियम, बालविवाह निरोधक अधिनियम, विवाह विच्छेद अधिनियम, विधवा पुनर्विवाह अधिनियम, स्त्रीले पुरुष सरह सम्पत्ति प्राप्त गर्न पाउने अधिनियम तथा अन्तर्जातीय विवाह अधिनियम आदिले परिवारका सदस्यहरूमाझ तनाउ र प्रतिस्पर्धा सिर्जना हुनथालेको

पाइन्छ। कानुनी व्यवस्थाका आधारमा नारी-पुरुषमा कुनै भेद रहेन। कानुनले नै 'संयुक्त परिवार', 'सानो परिवार' र 'व्यक्ति' भनेर वर्गीकरण गरेको पाइन्छ। यसरी वर्तमान कानुनी व्यवस्थाले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा परम्परागत नेपाली परिवारलाई विघटित तुल्याएको देखिन्छ।

### २.७.७ पारिवारिक कलह

विभिन्न आधुनिक जीवन पद्धतिहरूको प्रभावले व्यक्ति र परिवारमाझ दूरी बढाउँदै लगेपछि परिवारभित्र विभिन्न तनाउ, स्पर्धा तथा अव्यवस्थाहरूको सृष्टि भएको देखिन्छ। परम्परागत संयुक्त परिवारमा सदस्यहरूका आन्तरिक द्वेष, उनीहरूबिच पारस्परिक कलह, नानीहरूलाई लिएर झैझगडा, रूढिगत व्यवहारहरूको प्रधानता आदि अवगुणहरूले गर्दा परिवारका शिक्षित तथा परिश्रमी सदस्यहरू यस्ता तनाउपूर्ण वातावरणबाट निक्लेर छुट्टै घर बनाएर बस्न थालेको देखिन्छ। यसरी पारिवारिक कलहका कारणले पनि मूल परिवार विघटित भएर एकात्मक परिवारको जन्म हुन थालेको पाइन्छ।

पारिवारिक जीवनको बद्लँदो स्वरूपका उपर्युक्त कारणहरूबाहेक यतायातका साधनहरूको सुविधा, पारिवारिक नियन्त्रणमा शिथिलता, परिवारका सदस्यहरू माझ धर्मान्तरण प्रक्रिया, नैतिकताको बद्लँदो मानदण्ड, परिवार सम्बन्धी रूढिवादी मान्यताप्रति अनास्था, परम्परागत संस्कार र रीतिथितिहरूको विरोध, पश्चिमीकरण, विवाह व्यवस्थामा परिवर्तन, विवाह र नातागोताको महत्त्व घट्नु, पारिवारिक दायित्वप्रतिको उदासीनता, निर्धनता तथा यौन सम्बन्धगत असन्तुष्टि आदि अनेकौं कारणहरू पनि यसका लागि उत्तरदायी छन्। वास्तवमा व्यक्ति र समाजका प्रत्येक परिवर्तनहरूले पारिवारिक मूल्य र मान्यतामा महत्त्वपूर्ण परिवर्तन ल्याइरहेका हुन्छन्।

नेपाली समाजमा हुन त अहिले पनि संयुक्त परिवार सम्पूर्ण रूपले विघटित भएको छैन। तर समाजमा व्यक्तिगत स्वतन्त्रता जुन प्रकारले बढिरहेको छ, त्यसलाई हेर्दा संयुक्त परिवारहरूमा हुने विघटनको प्रवृत्तिलाई रोक्न असम्भव देखिन्छ। ग्रामीण र नागर जुनै क्षेत्रमा पनि संयुक्त परिवारको शेष बाँचेको छ, त्यसका विशेषताहरू परम्परागत संयुक्त परिवारहरूका प्रकृतिबाट टाढा हुँदै गइरहेका छन् । अतः वर्तमान नेपाली समाजको पारिवारिक जीवन यिनै कारणहरूले गर्दा बद्लँदो स्थितिमा छ। यसको परम्परागत स्वरूपमा परिवर्तन ल्याउन अनेक कारक तत्त्वहरू आज पनि सक्रिय छन्।

## २.८ निष्कर्ष

'परिवार एवम पारिवारिक जीवन'का सन्दर्भमा गरिएको उपर्युक्त आध्ययनबाट प्राप्त निष्कर्षका मूल बुँदाहरू निम्नप्रकारले प्रस्तुत गरिन्छ -

- समाजमा भएका विभिन्न सङ्गठनहरूमध्ये 'परिवार' मानव जीवनसित सम्बन्धित पहिलो सामाजिक सङ्गठन हो। अतः सामाजिक संरचनाको प्राथमिक एकाइ परिवार हो।
- परिवारमा व्यक्तिहरूमाझ दीर्घकालीन सम्बन्धको स्थापना एकार्काबिच रहेको हुन्छ।
- हरेक व्यक्ति परिवारमा जन्मन्छ, परिवारमा हुर्कन्छ र परिवारमा नै मर्दछ।
- परिवार विवाहबाट स्थापित हुने सामाजिक संस्था हो जसमा एउटी नारी र एउटा पुरुष हुनु आवश्यक हुन्छ।
- परिवार सानो समाज हो जहाँ सामाजिक जीवनसँग सम्बन्धित प्रत्येक कुरा व्यक्तिले सिकिरहेको हुन्छ।

- परिवारले मुख्यतः मानिसका अनेकौँ आवश्यकताहरू पूर्ति गर्नाका साथै मानिसको वैयक्तिक एवम् सामाजिक व्यक्तित्वको विकास पनि गर्छ।
- नेपाली समाज व्यवस्था मुख्यतः परम्परागत हिन्दू सामाजिक व्यवस्थामा आधारित भएको हुँदा यसको मूल आधार संयुक्त परिवार प्रथा हो। यो सामन्तवादी अर्थतन्त्राश्रित समाजको संरचनाअनुकूल विकसित संस्था हो।
- सदस्य सङ्ख्या, निवास, विवाह, पारिवारिक सत्ता वा अधिकार, ग्रामीण र नागर, वंशनाम, देवर र भाउजू विवाही प्रथा आदिका आधारमा वर्गीकरण गरेर नेपाली समाजमा विद्यमान पारिवारिक जीवनलाई अध्ययन गर्न सकिन्छ।
- नेपाली समाजमा रहेको परम्परागत पारिवारिक कार्यका तुलनामा वर्तमान नेपाली परिवारलाई हेर्दा पारिवारिक जीवनको ढाँचा तथा कार्य-क्षेत्रमा अनेकौं परिवर्तनहरू आएका छन्। यसको मूल कारण नेपाली समाजमा पनि औद्योगीकरण, नागरीकरण, बढ्दो जनसङ्ख्या र बेरोजगारी, आधुनिक शिक्षा तथा वर्तमान कानुनी व्यवस्था आदि तीव्र गतिमा भित्रिएकोले गर्दा हो।

उक्त विभिन्न नयाँ नयाँ विचार, परिपाटी आदिले गर्दा नेपाली परिवारको परम्परागत संयुक्त पद्धति विघटित हुँदै एकात्मक परिवारको निर्माण भएको देखिन्छ। यसरी प्रत्येक सामाजिक संस्थाहरू समय र परिस्थितिअनुसार भत्कँदै बन्दै गए झैँ नेपाली परिवारको संरचनामा पनि हेरफेर भइरहेको छ।